# प्रस्तावपत्र आव्हानको सूचना

हेल्भेटास नेपालले युरोपियन युनियसंगको वित्तीय सहकार्य तथा सहयोगी समाज नेपाल, सर्लाही र महिला सशक्तिकरण मंच, दैलेखसंगको साझेदारीमा मधेश प्रदेश र कर्णाली प्रदेशका आठ वटा पालिकाहरुमा 'स्थानीय शासन प्रक्रियामा युवा संलग्नता प्रवर्धन (प्रोयेल)' परियोजना संचालन गरिरहेको छ । यस परियोजनाले स्थानीय शासन प्रक्रियामा युवा संलग्नतालाई संस्थागत हुने वातावरण सिर्जना गर्न सहजीकरण गर्ने लक्ष्य राखेको छ । तेस्रो पक्षीय वित्तीय सहयोग (Financial Support to Third Parties) यस परियोजनाको एक महत्वपूर्ण अवयव हो । यस अवयवको मुख्य उद्धेश्य सम्बन्धित स्थानीय तहहरूमा सुशासन प्रवर्धनको लागि स्थानीय संघ संस्थाहरु बिशेष गरिकन युवा संस्थाहरुलाई सृजनात्मक÷नविन कृयाकलापहरु उपपरियोजनाको रुपमा संचालन गर्न सहकार्य गर्नु रहेको छ । यस परियोजना संचालित स्थानीय तहहरुमा स्थानीय स्तरका उपपरियोजनाको लागि स्वीकृत ढाँचा अनुसार प्रस्ताव पत्र तयार गरी डिसेम्बर ३१, २०२२ भित्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रोयेल परियोजना सम्बन्धी थप जानकारी, यस प्रस्ताव अन्तर्गत स्थानीय स्तरमा संचालन गर्न सकिने संभाब्य कृयाकलापहरुको सूची, सम्बन्धित तेश्रो पक्षहरुको योग्यता, प्रस्ताव पत्रसाथ पेश गर्न पर्ने कागजातहरु, प्रस्तावपत्र छनौटका आधारहरु, समयतालिका, वित्तीय सहयोग सीमा तथा बजेट ढाँचा लगायतका विस्तृत जानकारीहरु प्रस्ताव आव्हान पत्रमा उपलब्ध गराइएको छ । प्रस्ताव आव्हान पत्र तथा प्रस्ताव पत्रको ढाँचा हेल्भेटास नेपालको वेभ साइट (https://www.helvetas.org/en/nepal/who-we-are/follow-us/public-announcements) बाट डाउनलोड गर्न वा सहयोगी समाज नेपाल (हरिवन, सर्लाही, फोन नं. ०४६-५३०६७५, इमेलःhelpingsociety2010@gmail.com) र महिला सशक्तिकरण मंच (बीरेन्द्रनगर, सुर्खेत, फोन नं. ०८९-४२०२३१, इमेलःweaf2010@gmail.com) बाट प्राप्त गर्न सकिनेछ ।

HELVETAS NEPAL

# प्रस्तावपत्र आव्हान

## स्थानीय शासन प्रक्रियामा युवा संलग्नता प्रवर्धन (प्रोयेल) परियोजना
## अन्तर्गत
## तेश्रो पक्षीय वित्तीय सहयोग उप-परियोजनाको लागि प्रस्तावपत्र आव्हान

## अक्टोबर २०२२

# बिषय /सामग्री तालिका


| विषयवस्तु | पेज |
|---|---|
| १. प्रस्तावपत्र आव्हानको सूचना | ३ |
| २. प्रोयेल: स्थानीय शासन प्रक्रियामा युवा संलग्नता प्रवर्धन परियोजना: संक्षिप्त जानकारी | ४ |
| ३. तेश्रो पक्षीय वित्तीय सहयोग अन्तर्गत उप-परियोजनाका लागि प्रस्ताव पत्र आव्हान | ६ |
| ४. तेश्रो पक्षीय वित्तीय सहयोग आवेदनको लागि प्रस्ताव पत्र ढाँचा | १० |
| ५. प्रस्तावित बजेट | १२ |


HELVETAS
NEPAL

## १. प्रस्तावपत्र आव्हानको सूचना

हेल्भेटास नेपालले युरोपियन युनियसंगको वित्तीय सहकार्य तथा सहयोगी समाज नेपाल, सर्लाही र महिला सशक्तिकरण मंच, दैलेखसंगको साझेदारीमा मधेश प्रदेश र कर्णाली प्रदेशका आठ वटा पालिकाहरुमा 'स्थानीय शासन प्रक्रियामा युवा संलग्नता प्रवर्धन (प्रोयेल)' परियोजना संचालन गरिरहेको छ। यस परियोजनाले स्थानीय शासन प्रक्रियामा युवा संलग्नतालाई संस्थागत हुने वातावरण सिर्जना गर्न सहजीकरण गर्ने लक्ष्य राखेको छ । तेस्रो पक्षीय वित्तीय सहयोग (Financial Support to Third Parties) यस परियोजनाको एक महत्वपूर्ण अवयव हो। यस अवयवको मुख्य उद्धेश्य सम्बन्धित स्थानीय तहहरूमा सुशासन प्रवर्धनको लागि स्थानीय संघ संस्थाहरु बिशेष गरिकन युवा संस्थाहरुलाई सृजनात्मक/नविन कृयाकलापहरु उपपरियोजनाको रुपमा संचालन गर्न सहकार्य गर्नु रहेको छ। यस परियोजना संचालित स्थानीय तहहरुमा स्थानीय स्तरका उपपरियोजनाको लागि स्वीकृत ढाँचा अनुसार प्रस्ताव पत्र तयार गरी डिसेम्बर ३१, २०२२ भित्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रोयेल परियोजना सम्बन्धी थप जानकारी, यस प्रस्ताव अन्तर्गत स्थानीय स्तरमा संचालन गर्न सकिने संभाब्य कृयाकलापहरुको सूची, सम्बन्धित तेश्रो पक्षहरुको योग्यता, प्रस्ताव पत्रसाथ पेश गर्न पर्ने कागजातहरु, प्रस्तावपत्र छनौटका आधारहरु, समयतालिका, वित्तीय सहयोग सीमा तथा बजेट ढाँचा लगायतका विस्तृत जानकारीहरु प्रस्ताव आव्हान पत्रमा उपलब्ध गराइएको छ। प्रस्ताव आव्हान पत्र तथा प्रस्ताव पत्रको ढाँचा हेल्भेटास नेपालको वेभ साइट (https://www.helvetas.org/en/nepal/who-we-are/follow-us/public-announcements) बाट डाउनलोड गर्न वा सहयोगी समाज नेपाल (हरिवन, सर्लाही, फोन नं. ०४६-५३०६७५, इमेल:helpingsociety2010@gmail.com) र महिला सशक्तिकरण मंच (बीरेन्द्रनगर, सुर्खेत, फोन नं. ०८९-४२०२३१, इमेल:weaf2010@gmail.com) बाट प्राप्त गर्न सकिनेछ।

HELVETAS
NEPAL

## २. प्रोयेलः स्थानीय शासन प्रक्रियामा युवा संलग्नता प्रवर्धन परियोजना संक्षिप्त जानकारी

| | |
|---|---|
| *उद्देश्यः* | **समग्र उद्देश्यः** नेपालमा कोभिड पुनर्स्थापना र विकासमा योगदान पुर्‍याउने हेतुले स्थानीय शासन प्रक्रियामा युवा नेपाली नागरिकहरूको संलग्नतालाई संस्थागत गर्न सक्षम वातावरणको प्रवर्धन गर्ने ।<br>**विशिष्ट उद्देश्यः** कर्णाली प्रदेश र प्रदेश २ का ८ छानिएका पालिकाहरुमा युवा नेपाली नागरिकहरूले स्थानीय सरकारहरूसँग अर्थपूर्ण संवादको माध्यमबाट आफ्ना अधिकार/कर्तव्यहरू प्रभावकारी रूपमा प्रयोग गर्न सहकार्य । |
| *लक्षित समूह* | करिब ८० युवा संस्थाहरू (समूह/सर्कल/सञ्जाल/क्लब/संस्थाहरू), रोजगार सेवा केन्द्र/आप्रवासी स्रोत केन्द्र सहित ८ गाउँ/नगर कार्यपालिकाहरु, करिब ८५ वडा समिति, ३० विद्यालय र ४ स्थानीय सञ्चार माध्यमहरु |
| *अन्तिम लाभग्राही* | लगभग १६,००० युवा नेपाली नागरिकहरू (बैदेशिक रोजगारबाट फर्केका, बेरोजगार, अपाङ्गता भएका युवाहरू, LGTBIQ समूह र सीमान्तकृत वर्गका अन्य युवाहरू, लगभग १६,००० घरपरिवार र लगभग ६०० स्थानीय निर्वाचित प्रतिनिधिहरू, विभिन्न राजनीतिक दलका कार्यकर्ताहरु |
| *भौगोलिक कार्यक्षेत्र* | **कर्णाली प्रदेश** : गुराँस गाउँपालिका तथा डुंगेश्वर गाउँपालिका (दैलेख), लेकबेसी नगरपालिका तथा सिम्ता गाउँपालिका (सुर्खेत) तथा भेरी नगरपालिका (जाजरकोट), **प्रदेश २** : हरिवन नगरपालिका तथा बरहथवा नगरपालिका (सर्लाही) तथा क्षिरेश्वरनाथ नगरपालिका (धनुषा) । |
| *परियोजना अवधि* | जनवरी २०२२ देखि मार्च २०२५ सम्म |
| *अपेक्षित नतिजाहरु* | **नतिजा १:** युवा नागरिकहरू स्थानीय शासन प्रक्रियाको बारेमा शिक्षित र सुसूचित हुनेछन् ।<br>**नतिजा २:** स्थानीय शासन प्रक्रियामा युवा नागरिकहरूलाई संलग्न गराउन र परिचालन गर्न पालिकाहरूलाई सहजीकरण गरिनेछ ।<br>**नतिजा ३:** युवा नागरिकहरू स्थानीय शासन प्रक्रियामा रचनात्मक रूपमा संलग्न र अर्थपूर्ण रूपमा सहभागी हुनेछन् ।<br>**नतिजा ४:** युवा नागरिकहरूले स्थानीय सरकारमा काम गर्ने र व्यावहारिक अनुभव प्राप्त गर्ने अवसर पाउनेछन्।<br>**नतिजा ५:** स्थानीय शासन र विकास प्रक्रियामा अर्थपूर्ण युवा संलग्नताको बारेमा संघीय/प्रदेश/स्थानीय सरकारका सम्बन्धित निकायहरूलाई परियोजनाका असल अभ्यास र अनुभवहरु सूचित गरिनेछ । |
| *मुख्य गतिविधिहरु* | **नतिजा १सँग सम्बन्धितः**<br>१.१. पालिका स्तरमा समावेशीमूलक युवा प्यानल (१ प्यानल/पालिका)को स्थापना, परिचालन र सबलीकरण ।<br>१.२. संघीयता, संविधान, र स्थानीय सरकारहरूको अधिकार/भूमिका/उत्तरदायित्वहरूको बारेमा अभिमुखीकरण/अन्तरक्रियाहरू ।<br>१.३. नेतृत्व र वकालत सहित मानव अधिकार, मौलिक अधिकार, नागरिक अधिकार, भूमिका/जिम्मेवारीहरूको बारे तालिम/कार्यशाला ।<br>१.४. मानव अधिकार/मौलिक अधिकार, नागरिक संलग्नता, संवैधानिक/नागरिक साक्षरता, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, आदिवासी जनजाति समुदायहरू/अपाङ्गता भएका व्यक्तिहरूको अधिकार आदि विषयमा नेपाली भाषामा ३ अनलाइन पाठ्यक्रमहरू डिजाइन र सञ्चालन ।<br>१.५ युवा नागरिकहरूका लागि निर्वाचन साक्षरता सत्रहरू ।<br>१.६. युवा सवालमा काम गर्ने नमूना/अनुकरणीय पालिकाहरूमा अवलोकन भ्रमण ।<br>**नतिजा २ सँग सम्बन्धितः**<br>२.१. युवा संलग्नता, लैङ्गिक समानता र सामाजिक समावेशीकरण तथा सुशासन र पारदर्शितामा स्थानीय नीतिहरू तर्जुमा गर्न पालिकाहरूलाई सहजीकरण । |



HELVETAS NEPAL

| | |
|---|---|
| | २.२ पालिकाहरूलाई आवश्यकतामा आधारित कम्तिमा १ अतिरिक्त विद्युतीय-शासन औजारहरू स्थापना र सञ्चालन गर्न सहकार्य ।<br>२.३ सामाजिक सञ्जाल र डिजिटल साक्षरताको सार्थक प्रयोगका लागि पालिकाका स्थानीय निर्वाचित प्रतिनिधिहरूलाई क्षमता विकास सत्रहरू ।<br>२.४ नागरिकका गुनासो विशेषगरी लैगिक हिंसा तथा सार्वजनिक सेवा प्रवाहका सम्बनधमा मोबाइल टेलिफोनमा आधारित प्रयोगकर्ता मैत्री प्लेटफर्मको स्थापना र सञ्चालनमा सहकार्य ।<br>**नतिजा ३ सँग सम्बन्धित:**<br>३.१. स्थानीय कानून निर्माण, स्थानीय योजना/बजेट तर्जुमा र सार्वजनिक जवाफदेहिता प्रक्रियाहरूमा युवा प्यानलहरूको लागि क्षमता विकास सत्रहरू ।<br>३.२. सामाजिक जवाफदेहीताका औजारहरु बिशेष गरी बजेट अनुगमन सर्वेक्षण, लैङ्गिक लेखा परीक्षण र नागरिक सन्तुष्टि सर्वेक्षण सञ्चालन गर्न युवा प्यानलहरूसंग सहयोग र सहकार्य ।<br>३.३. युवा संसद संचालन गर्न सहकार्य ।<br>३.४. कोभिड पुनर्स्थापना लगायत सार्वजनिक सेवा प्रवाह तथा स्थानीय शासन प्रक्रियाको बारेमा तथ्य-परक रिपोर्टिङ गर्न युवा पत्रकारहरूको परिचालन ।<br>**नतिजा ४ सँग सम्बन्धित:**<br>४.१. सीमान्तकृत वर्गका स्थानीय युवाहरूलाई उनीहरूको रुचिको क्षेत्रमा पालिकामा इन्टर्नशिप ।<br>४.२. पालिकाको वार्षिक योजना तर्जुमा/समीक्षामा युवा प्यानल र पालिका बीच परामर्श सत्रहरू ।<br>४.३. युवा सुशासन अभ्यासकर्ताहरूको विकास, परिचालन र सबलीकरण ।<br>४.४. वडा स्तरीय योजना तर्जुमा प्रक्रियाको सहजीकरणमा युवा सुशासन अभ्यासकर्ताहरूको परिचालन ।<br>**नतिजा ५ सँग सम्बन्धित:**<br>५.१.संघीय/प्रदेश/स्थानीय स्तरमा नीति निर्माता तथा निर्णयकर्ताहरूसँग युवा सवालमा अर्थपूर्ण संवादको लागि थ्यगतज क्यगलमष्लन चयबचम को स्थापना र यस्को क्षमता विकास ।<br>५.२. नागरिक संलग्नता, सुशासन अभ्यास र सार्वजनिक सेवा प्रवाहमा उत्कृष्ट अभ्यासहरूको आदान प्रदानको लागि समकक्षीय सिकाइ प्रक्रिया ।<br>५.३. वार्षिक पालिका दिवस मनाउन पालिकाहरुसंग सहकार्य ।<br>५.४. प्रादेशिक/राष्ट्रिय स्तरको कार्यशाला संचालन ।<br>५.५ नागरिकको सहभागिता, पारदर्शिता, जवाफदेहिता र समावेशीकरण संबन्धी प्रकाशनहरु ।<br>५.६ तेश्रो पक्षीय वित्तीय सहयोग । |
| *वित्तीय सहकार्य* | युरोपियन युनियन |
| *थप जानकारीको लागि* | १. हेल्भेटास नेपाल, बखुण्डोल, ललितपुर (फोन नं. ०१ ५४२४९२५/६, इमेल: co.nepal@helvetas.org)<br>२. महिला सशक्तिकरण मञ्च, बीरेन्द्रनगर, सुर्खेत (फोन नं.०८९ ४२०२३१, इमेल: weafnepal2004@gmail.com)<br>३. सहयोगी समाज नेपाल, हरिवन, सर्लाही (फोन नं.०४६ ५३०६७५, इमेल: helpingsociety2010@gmail.com) |

Funded by
the European Union

## ३. तेश्रो पक्षीय वित्तीय सहयोग अन्तर्गत उप-परियोजनाका लागि प्रस्ताव पत्र आव्हान

**१. परिचय :**
हेल्भेटास नेपालले युरोपियन युनियसंगको वित्तीय सहकार्य तथा सहयोगी समाज नेपाल, सर्लाही र महिला सशक्तिकरण मंच, दैलेखसंगको साझेदारीमा मधेश प्रदेश र कर्णाली प्रदेशका आठ वटा स्थानीय तहहरुमा स्थानीय शासन प्रक्रियामा युवा संलग्नता प्रवर्धन (प्रोयेल) परियोजना संचालन गरिरहेको छ । यस परियोजनाले स्थानीय शासन प्रक्रियामा युवा संलग्नतालाई संस्थागत हुने वातावरण सिर्जना गर्न सहजीकरण गर्ने लक्ष्य राखेको छ। तेश्रो पक्षीय वित्तीय सहयोग (Financial Support to Third Parties) यस परियोजनाको एक महत्वपूर्ण अवयव हो ।

**२. तेश्रो पक्षीय वित्तीय सहयोगका उद्देश्यहरु :**

- सम्बन्धित गाउँ नगरपालिकाहरूको पारदर्शिता र जवाफदेहितामा सुधारका लागि युवा र युवा संस्थाहरुलाई सृजनात्मक/नवीन कार्यक्रम संचालन गर्न सहयोग गर्ने ।
- मूल परियोजनाको दायरा विस्तार गरि थप सहभागीहरुलाई परियोजनामा संलग्न हुन सहयोग गर्ने ।

**३. तेश्रो पक्षीय वित्तीय सहयोग प्रयोजनको लागि अपेक्षित तेस्रो पक्षहरु:**
स्थानीय स्तरमा क्रियाशील युवा संघ संस्थाहरू तथा गैर सरकारी संघ सस्थाहरु । सामान्यतः एक स्थानीय तहमा एउटा मात्र तेश्रो पक्ष चयन गरिनेछ ।

**४. तेश्रो पक्षीय वित्तीय सहयोग अर्न्तगतका उपपरियोजनाहरुमा समेटिन सकिने संभाब्य कृयाकलापहरू (तर यसमा मात्र सिमित रहने छैनन्) :**

- स्थानीय विद्यालयहरूलाई सुशासन स्रोत केन्द्रको रूपमा क्षमता विकास ।
- सूचनाको अधिकार तथा सार्वजनिक सूचनामा पहुँच ।
- लैंगिक समानता र सामाजिक समावेशीकरण प्रवर्धन ।
- रोजगार सेवा केन्द्र/आप्रवासी स्रोत केन्द्रहरूको क्षमता अभिवृद्धि ।
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता संयन्त्र र नागरिक समाज अनुगमनको प्रवर्धन ।
- स्थानीय नीति निर्माण, योजना र अनुगमन प्रक्रियामा युवा सहभागिता ।


HELVETAS NEPAL

- स्थानीय शासन प्रक्रियाहरूमा अपाङ्गता भएका व्यक्तिहरू, आदिवासी जनजातिहरू, लैगिक अल्पसंख्यक समुदाय र अन्य पछाडी पारिएका समूहहरूको अधिकारको बारेमा सचेतिकरण ।

**५. उप परियोजनाहरूको भौगोलिक कार्यक्षेत्र :**

तेश्रो पक्षीय वित्तीय सहयोगबाट कार्यान्वयन गरिने उप-परियोजनाहरु सम्बन्धित स्थानीय तह (गाउँ नगरपालिका) भित्र मात्र कार्यान्वयन गर्नु पर्नेछ ।

**६. उप परियोजनाहरूको अवधि :**

तेश्रो पक्षीय वित्तीय सहयोगबाट कार्यान्वयन गरिने उप-परियोजनाहरुको अधिकतम अवधि नतोकिए पनि प्रस्तावित उप-परियोजनाको अवधि कम्तिमा १२ महिना हुनुपर्नेछ । तर सबै उप- परियोजनाहरु डिसेम्बर २०२४ भित्र सम्पन्न गरि सक्नु पर्नेछ ।

**७. उप परियोजनाहरूको बजेटको सीमाः**

तेश्रो पक्षीय वित्तीय सहयोग प्रयोजनको लागि प्रोयेल परियोजनाबाट अनुदान स्वरुप प्रति तेश्रो पक्ष अधिकतम रु. १०,००,०००।०० (रु. दश लाख मात्र) प्रस्ताव गर्न सकिने छ । प्रस्तावित अनुदानमा कम्तीमा ७५ प्रतिशत प्रत्यक्ष कार्यक्रम खर्च हुनु पर्नेछ । अन्य साझेदार संस्थाबाट थप अनुदान हासिल भएको अवस्थामा सो अनुदानको हकमा सो साझेदार संस्थासंग भएको सहमति बमोजिम हुनेछ ।

**८. तेश्रो पक्षहरुको न्यूनतम योग्यताः**

- वैधानिक रूपमा गठन र दर्ता गरिएको ।
- सम्बन्धित स्थानीय तहमा स्थायी ठेगाना भएको ।
- अन्तर्राष्ट्रिय गैससहरूबाट अनुदान प्राप्त गर्न कानुनी रूपमा स्वीकृत ।
- वार्षिक लेखापरिक्षण गराउने गरेको ।
- उप-परियोजनाहरू सञ्चालन गर्न पर्याप्त क्षमता भएको ।
- उप-परियोजना लागतको कम्तिमा पाँच प्रतिशत योगदान (कर्मचारी समयमा) गर्न सक्ने ।
- दलीय राजनीतिमा प्रत्यक्ष रुपमा संलग्न नभएको ।

HELVETAS NEPAL

## ९. प्रस्ताव पत्रसाथ पेश गर्नु पर्ने कागजातहरु:

- संस्थाको निवेदन ।
- संलग्न ढाँचामा तयार गरिएको प्रस्ताव पत्र ।
- प्रस्ताव पेश गर्ने संस्थाको बैठकको निर्णय प्रतिलिपी ।
- संस्थाले गर्ने लगानीको प्रतिवद्धता पत्र ।
- संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
- अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनको छाया प्रति (लेखा परीक्षण हुने गरेकोमा) ।
- साझेदार संस्था वा निकाय भएमा सोको प्रतिबद्धता पत्र ।

## १०. प्रस्ताव पत्रको फर्मेट :

माथि उल्लेखित प्रस्ताव पत्रको फर्मेट कम्तिमा ०.५ इन्च मार्जिन सहितको A4 साइज, प्रिति फोन्ट, १६ फोन्ट साइज, सिङ्गल लाइन स्पेसिङ्गको हुनु पर्नेछ ।

## ११. प्रस्ताव पत्र प्राप्त हुनु पर्ने अन्तिम मिति :

माथि उल्लेखित कागजातहरु सहितको प्रस्तावपत्र ३१ डिसेम्बर २०२२ सम्ममा प्राप्त भई सक्नु पर्नेछ। उक्त मिति पछि प्राप्त प्रस्तावपत्रहरूलाई छनौट प्रक्रियामा समाबेश गरिने छैन ।

## १२. प्रस्ताव पत्र पेश गर्ने स्थान:

प्रस्ताव पत्रहरु मधेश प्रदेशको हकमा सहयोगी समाज नेपाल, हरिवन-७, सर्लाही स्थित कार्यालय र कर्णाली प्रदेशको हकमा महिला सशक्तिकरण मंच, सुर्खेत कार्यालयमा पेश गर्नु पर्नेछ ।

## १३. प्रस्ताव पत्र छनौटका आधारहरू :

प्रस्ताव पत्र चयनका लागि मूख्य रुपमा तल उल्लेखित बुँदाहरुलाई आधार मानिने छ :

- प्रस्ताव पत्र आव्हानका समग्र उद्देश्यहरू सम्बोधन ।
- प्रस्तावित उपपरियोजनाको उत्कृष्टता र नवीनता ।
- प्रस्तावित उपपरियोजनाबाट हासिल हुने नतिजाहरुको सम्भाब्यता ।
- प्रस्तावित कार्यान्वयन टोलीको योग्यता र प्रतिबद्धता ।
- प्रस्तावित बजेटको औचित्य र उपयुक्तता ।



HELVETAS NEPAL

## १४. प्रस्तावित समयतालिका:

| क्रस | क्रियाकलापहरु / गतिबिधिहरु | समयसीमा |
|---|---|---|
| १ | प्रस्ताव पत्र आव्हानको सूचना प्रकाशन | अक्टोबर तेस्रो हप्ता, २०२२ |
| २ | प्रस्ताव पत्रहरू संकलन तथा प्राप्ति | डिसेम्बर ३१, २०२२ सम्ममा |
| ३ | उत्कृष्ट प्रस्ताव पत्रहरूको चयन | फेब्रुअरी दोश्रो हप्ता, २०२३ सम्ममा |
| ४ | सफल तेश्रो पक्षहरुलाई सूचना, थप जानकारीको लागि अनुरोध तथा ती प्रस्ताव पत्रहरूमा सुधार | फेब्रुअरी चौथो हप्ता, २०२३ सम्ममा |
| ५ | तेश्रो पक्षहरुसंग सम्झौता र अन्य तयारी कार्यहरू | मार्च पहिलो हप्ता, २०२३ सम्ममा |
| ६ | उप परियोजनाहरुको कार्यान्वयन शुरु | मार्च दोश्रो हप्ता, २०२३ |

## १५. सम्पर्क स्थानहरु :

यस प्रस्ताव पत्र आव्हानको बारेमा कुनै स्पष्टीकरण र थप जानकारीको लागि मधेश प्रदेशमा सहयोगी समाज नेपाल, हरिवन, सर्लाहीस्थित कार्यालयमा तथा कर्णाली प्रदेशका लागि महिला सशक्तिकरण मंच, सुर्खेत कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

| **सहयोगी समाज नेपाल** | **महिला सशक्तिकरण मंच** |
|---|---|
| जनक अधिकारी<br>फोन : ९८६०५७६७५<br>इमेल : ssn.proyel.mon@gmail.com | डण्डीराज उपाध्याय<br>फोन :९८५६०६५२२२<br>इमेल :raazdandi@gmail.com |

HELVETAS NEPAL

## ४. तेश्रो पक्षीय वित्तीय सहयोग आवेदनको लागि प्रस्ताव पत्र ढाँचा

Proposal format for Application for Financial Support to Third Party (FSTP)

| १. संस्थाको बारेमा जानकारी (Organization's information) (One page) |
|---|

१.१. संस्थाको परिचय (संस्थाको स्थापना र उद्धेश्यहरु, प्राथमिकताहरु, संस्था दर्ताको अवस्था, अनुभव, उपलब्ध दक्षता र विशेषज्ञता) (**Introduction of the organization**: Establishment and objectives, priorities, legal status, experiences and available expertise)

१.२. संस्थागत संरचना र कार्यकारी समिति (Governance structure and executive/management bodies of the organization)

| २. प्रस्ताव ब्याख्यान (Proposal narrative) (Max. Five pages) |
|---|

२.१. पृष्ठभूमि (प्रस्तावित उपपरियोजनाले सम्बोधन गर्न खोजेको सवाल/मुद्दा र सोको पृष्ठभूमि, प्रस्तावित उपपरियोजनाको सान्दर्भिकता) (**Background:** Background of the issue intended to be addressed by the sub-project, relevance of the sub-project)

२.२. उद्देश्यहरु (प्रस्तावित उपपरियोजनाका उद्धेश्यहरु) (**Objectives:** Objectives of the sub-project)

२.३. लक्षित समूह र अन्य सम्भावित सरोकारवालाहरू (प्रस्तावित उपपरियोजनाको लक्षित समूहको विवरण, उनीहरूको अवस्था, आवश्यकता र अन्य सम्भावित सरोकारवालाहरू) (**Target groups and other possible stakeholders**: Target group's description, their situation, needs, and other potential stakeholders)

२.४. कार्यान्वयन विधि (प्रस्तावित उपपरियोजना कार्यान्वयनका रणनीति र विधिहरु) (**Methodology:** Strategies and approaches of the sub-project implementation)

२.५. प्रस्तावित उपपरियोजनाका प्रस्तावित क्रियाकलापहरु, समय अवधि र कार्य योजना (The sub-project's proposed activities, timeframe and action plan)



HELVETAS NEPAL

२.६ प्रस्तावित उपपरियोजनाका अपेक्षित नतिजाहरू (Expected results)

२.७. साझेदारी (यदि छ भने - साझेदारी संस्था र साझेदारीको प्रक्रिया) (**Partnership** (if applicable): Proposed partners/entities and partnership modality)

२.८. दिगोपना (प्राप्त नतिजाहरुको अनुकरण र निरन्तरता) (**Sustainability:** Replicability and continuity of the results)

## ३. वित्तीय व्यवस्थापन (Financial management) (Max. One page)

३.१. प्रस्तावित उपपरियोजनाको बजेट (संलग्न बजेट ढाँचा र क्रियाकलाप अनुसार) (The sub-project budget as per the attached budget template and activity wise)

## ४.अनुगमन र रिपोर्टिङ (Monitoring and reporting) (Half page)

४.१ अनुगमन र प्रतिवेदनको योजना र व्यवस्था (Monitoring and reporting plan and arrangements)

## ५.जोखिम विश्लेषण (Risk analysis) (Half page)

५.१ सम्भावित जोखिम र न्यूनीकरणका उपायहरू (Risks and mitigation measures)

HELVETAS NEPAL

# ५. प्रस्तावित बजेट

क. उप परियोजनाको नाम: ...............................................................................................

ख. उप परियोजना संचालन हुने स्थानीय तह: .............................................................................

ग. उप परियोजनाको संचालन हुने मिति र अवधि:..........................................................................

घ. प्रस्ताव पेश गर्ने संस्थाको नाम:.......................................................................................

प्रस्तावित बजेट (नेरु) :

| क्रसं | शीर्षक | एकाई | परिमाण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | मानबीय श्रोत लागत (Personnel Cost) | | | | | |
| १.१ | | | | | | |
| १.२ | | | | | | |
| | | | | | | |
| | जम्मा मानबीय श्रोत लागत | | | | | |
| | | | | | | |
| २. | संचालन लागत (Operational Cost) | | | | | |
| २.१ | स्टेशनरी | | | | | |
| २.२ | स्थानीय यातायात | | | | | |
| २.३ | संचार | | | | | |
| २.४ | | | | | | |
| | | | | | | |
| | जम्मा संचालन लागत | | | | | |
| | | | | | | |
| ३. | उप परियोजना क्रियाकलाप लागत (Sub-project Activity Cost) | | | | | |
| ३.१ | क्रियाकलाप १ | | | | | |
| | उप क्रियाकलाप १ | | | | | |
| | उप क्रियाकलाप २ | | | | | |
| | उप क्रियाकलाप ३ | | | | | |
| ३.२ | क्रियाकलाप २ | | | | | |
| | उप क्रियाकलाप १ | | | | | |
| | उप क्रियाकलाप २ | | | | | |
| | उप क्रियाकलाप ३ | | | | | |
| ३.३ | क्रियाकलाप ३ | | | | | |
| | उप क्रियाकलाप १ | | | | | |
| | उप क्रियाकलाप २ | | | | | |
| | उप क्रियाकलाप ३ | | | | | |
| ३.४ | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा क्रियाकलाप लागत | | | | | |
| | कुल लागत (१+२+३) | | | | | |



HELVETAS NEPAL